नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च.नं.:-

प्रेस विज्ञप्ति

मिति २०८२ फागुन २९ गते नेपाल सरकारका मुख्य सचिवको अध्यक्षतामा सम्पन्न केन्द्रीय अनुगमन तथा मूल्याङ्कन समितिको ७४ औं बैठकका निर्णयहरू सम्बन्धित सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१. पेट्रोलियम पदार्थको माग र आपूर्तिबिच सन्तुलन कायम राख्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमले खपतको आवश्यकताअनुसार पेट्रोलियम पदार्थ तथा एल.पी. ग्यासको नियमित आयात सुनिश्चित गर्ने व्यवस्था मिलाउने।

२. पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय आपूर्ति श्रृङ्खलामा देखिएका अवरोधका कारण उत्पन्न हुन सक्ने जटिल परिस्थितिको प्रभावकारी व्यवस्थापनका लागि उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र नेपाल आयल निगमले खाना पकाउने ग्यासको अत्यधिक भण्डारण हुने अवस्थालाई नियमन गर्ने, ग्यास उद्योग, थोक बिक्रेता तथा खुद्रा बिक्रेताहरूको नियमित अनुगमन गर्ने र उपभोक्ताले ग्यास सिलिन्डर साट्ने प्रयोजनका लागि खुद्रा बिक्रेतासँग सम्पर्क गर्दा उपलब्ध हुन सक्ने सम्भावित मितिबारे जानकारी उपलब्ध गराई आपूर्ति व्यवस्थापनलाई व्यवस्थित गर्ने।

३. घरायसी प्रयोजनका लागि विद्युतीय चुलो खरिद, घरायसी विद्युत् प्रणाली स्तरोन्नति तथा विद्युत् महसुलमा उपलब्ध गराउन सकिने सहुलियतसम्बन्धी कार्ययोजना एवं होटल, रेस्टुरेन्ट, छात्रावास तथा सुरक्षा निकायका ब्यारेकहरूमा खाना पकाउन विद्युतीय ऊर्जा, बायोग्यास लगायतका वैकल्पिक ऊर्जाको प्रयोग बढाउन प्रोत्साहन गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने।

४. सार्वजनिक निर्माण कार्यबाट उत्पन्न हुने धुलो तथा हिलो नियन्त्रणका लागि पूर्वाधार निर्माणसँग सम्बन्धित सङ्घीय तथा प्रदेश मन्त्रालयहरू, सम्बन्धित निकायहरू तथा स्थानीय तहका कार्यालयहरूले आ-आफ्नो कार्यक्षेत्रभित्र सञ्चालनमा रहेका निर्माण कार्यहरूको नियमित सुपरिवेक्षण गरी निर्माण स्थलबाट बाहिरिने सवारीसाधनलाई धुलो तथा हिलो सफा गरेर मात्र बाहिर निस्कने व्यवस्था मिलाउने तथा निर्माण स्थल र वरपरका सडक तथा स्थानमा धुलो नियन्त्रणका लागि आवश्यकताअनुसार पानी छर्कने व्यवस्था गर्ने।

५. वन डढेलो नियन्त्रणका लागि वन तथा वातावरण मन्त्रालयले प्रादेशिक वन मन्त्रालयहरूमार्फत समुदायमा आधारित वन उपभोक्ता समूहहरूलाई डढेलो नियन्त्रण कार्यमा परिचालन गर्ने। प्रदेशका वन मन्त्रालय अन्तर्गतका तथा समुदायमा आधारित वन क्षेत्रबाट पातपतिङ्गर सङ्कलन गरी प्राङ्गारिक मल उत्पादन गर्ने तथा सुकेका, ढलापढा रुखहरू नियमित रूपमा हटाउने कार्यलाई कानुनी रूपमा व्यवस्थित गर्ने। यसैगरी, वन तथा वातावरण मन्त्रालय, सम्बन्धित प्रदेश मन्त्रालय तथा स्थानीय तहहरूले वन डढेलो नियन्त्रणसम्बन्धी सूचना सङ्कलन, आदानप्रदान तथा आवश्यक जनशक्ति र स्रोतसाधन परिचालनका लागि कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने। साथै, गृह मन्त्रालयले अर्थ मन्त्रालय तथा वन तथा वातावरण मन्त्रालयसँगको समन्वयमा वन डढेलो नियन्त्रणका लागि हेलिकप्टर प्रयोगसम्बन्धी कार्यविधि १५ दिनभित्र तयार गरी कार्यान्वयन गर्ने।

२०८२।१२।१

हेमराज अर्यालय
सहसचिव

सह-सचिव

टेलिफोन : ५९७१०००, ५९७१००१, ५९७१०२५, ५९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साईट : http://www.opmcm.gov.np